संस्था दर्ता नं.७३३/०५३-०५४, समाज कल्याण परिषद् आवद्ध नं.६७९६/०५४, स्थायी लेखा नं. ३०१९३५८५२

## बाल हितकारी परियोजना नेपाल (CWSN)

# सामाजिक परीक्षण प्रतिवेदन- २०७९




सहजकर्ता- श्यामनाथ कुँवर पत्रकार

सम्पर्क नं. : ९८५६०८०२२८ तथा इमेल : shyamkunwar2015@gmail.com

## सामाजिक परीक्षकको भनाई

सूचनाको हक सम्बन्धी ऐन २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ले सबै गैर सरकारी संस्थालाई सार्वजनिक निकायको रुपमा परिभाषित गरेको छ । हरेक सार्वजनिक निकायले सम्पादन गरेका सेवा प्रवाह हरेक नागरिकको नासो भएकोले नागरिकले जस्ताको तस्तै रुपमा थाहा पाउनु पर्छ । सार्वजनिक निकायले गरेका हरेक काममा नागरिकको जति बढी पहुँच पुग्न सक्छ । त्यति नै बढी पारदर्शिता तथा सुशासन प्रवर्द्धनको लागि सहयोग पुग्छ । हरेक गैर सरकारी संस्था (गैसस)ले वर्ष भरी गरेका कामको बारेमा सरकारी निकाय, लाभग्राही तथा अन्य सरोकारवाला निकायमा जानकारी गराउन सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षण गर्ने प्रचलन छ । हरेक सामाजिक संघ संस्थाको विकास प्रक्रियालाई जवाफदेही र जिम्मेवार बनाउन गरिने सामाजिक परीक्षणको कार्यले गैर सरकारी संस्था, लाभग्राही र सरकारी निकाय बीच आवश्यक सम्बादको वातावरण निर्माण गर्छ । त्यस्तो सम्बादले गैससले गर्ने सामाजिक विकासको कार्यलाई प्रभावकारी तथा सेवा प्रवाहलाईं गुणस्तरीय र प्रभावकारी बनाउन मद्दत गर्छ ।

गैससका क्रियाकलाप तथा उनीहरुको सामाजिक आर्थिक उपलब्धीलाई पारदर्शि बनाउन सामाजिक परीक्षण पनि हुन थालेका छन् । गैससहरु जिम्मेवार बन्नु पर्छ र सरोकारवालाहरुलाई जवाफदेहि बनाउनु पर्छ भन्ने मान्यता स्थापीत गर्न तथा जनताका लागि सामाजिक आर्थिक उपलब्धीको सुनिश्चितता जोगाउन यो विधि उपयुक्त देखिएको छ । संघीय लोकतान्त्रिक व्यवस्थामा गैससले गरेका असल अभ्यास तथा नमुना योग्य कामलाई सरोकारवाला निकाय समक्ष राख्दा अरु निकायलाई अनुशरण गरी लागु गर्न सक्छन् । विभिन्न परियोजनामा लाभग्राहीको सहभागिता बढाउदै संस्थाले अभ्यासका सीप तथा ज्ञानलाई विस्तार गरे सुशासन प्रवर्द्धन गर्न सहयोग पुग्छ । परियोजनाका सरोकारवाला पक्ष, सहजकर्ता, नियामक निकाय र लक्षित लाभग्राहीलाई समेत सचेत गराउने र विकासका लागि लोकतन्त्रको सबलीकरणमा रचनात्मक योगदान पुऱ्याउन सक्छ ।

विक्रम सम्बत २०५४ सालमा स्थापना भएको बाल हितकारी परियोजना नेपाल बाल बलिकाको शिक्षा स्वास्थ्य र संरक्षण, सडक बाल बालिकाको आपतकालिन उद्दारदेखि संरक्षण व्यवस्थापनको अलवा युवाहरुलाई व्यवसायिक तालिम प्रदान गरी जिविको पार्जनमा सघाएको छ । संस्था प्रथम पक्ष, लाभग्राही दोश्रो पक्षबीच तेश्रो पक्षले गर्ने सामाजिक परीक्षणको काममा सहजकर्ताको जिम्मेवारी दिएकोमा संस्था प्रति हार्दिक आभार प्रकट गर्दछु । यो महत्वपूण अवसर प्रदान गर्ने बालहितकारी परियोजना नेपालका परिवार तथा साझेदार दातृ संस्था सबैमा धन्यवाद ज्ञापन गर्दै संस्थाले अपांगता भएको व्यक्ति, महिला, दलित, आदिवासी जनजाति,पिछडिएको वर्गलाई प्राथमिकतामा राखेर सेवा प्रदान गर्न सकोस भनी कामना व्यक्त गर्दछु ।

यी सामाजिक परिक्षण व्यवस्थापनका लागि स्थलगत अवलोकन, तथ्यांक संकलन तथा प्रतिवेदन तयारीमा सहयोग गर्नुहुने केशव पौडेल, बाल हितकारी परियोजना नेपालका अध्यक्ष गोविन्दराज पहारी, सचिव दिलबहादुर भट्टराई, कार्यकारी निर्देशक ठाकुरप्रसाद चापागाई, वित्त प्रमुख रत्न बहादुर गुरुङ, परियोजना संयोजकहरु केशव पौडेल, संगीता भण्डारी, सुर्यबहादुर भण्डारी, दुरमाया राना लगायत व्यवस्थापन कार्यमा सघाउने सम्पुर्ण कर्मचारीहरुलाई समेत धन्यबाद दिन चाहन्छु ।

- श्यामनाथ कुँवर सहजकर्ता

## विषय सूची


१. सामाजिक परीक्षण कार्यक्रम र कार्यक्रमको ढाँचा

२ सामाजिक लेखाजेखा परीक्षणको उद्देश्यहरु

३ सामाजिक परीक्षणका आधार

४. सामाजिक परीक्षणका प्रक्रिया

५. प्रारम्भिक मस्यौदा तथा छलफलको खाका

६. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता

७. सामाजिक परीक्षणका सीमाहरु

८. सामाजिक परीक्षण कार्यक्रममा पेश गरिएकको प्रतिवेदन

९. टिप्पणीकर्ताले उठाएका सवाल र सवालको सम्बोधन

१०. संस्थागत सुधारको लागि सामाजिक परीक्षकको सुझाव

११. अनुसूचीहरु

*(सामाजिक परीक्षण समारोहमा उपस्थिति विवरण, पत्राचार गरिएको पत्र, सामाजिक परीक्षणका बारे अखवारमा प्रकासित सूचना र समाचारको अंश र तस्वीरहरु)*

## १. सामाजिक परीक्षण कार्यक्रम र कार्यक्रम ढाँचा

बालहितकारी परियोजना नेपालको आ.व. २०७८।२०७९ को सामाजिक परीक्षण मिति २०७९ पौष १२ गते बालहितकारी परियोजना नेपालको प्रागंणमा बालहितकारी परियोजना नेपालका अध्यक्ष गोविन्दराज पहारीको अध्यक्षतामा गरिएको थियो । कार्यक्रम बिहान ९.१५ बजे देखि १२.३० बजे सम्म भएको थियो । कार्यक्रममा सरकारी, गैह्रसरकारी, लक्षित समूह र विभिन्न सरोकारवालाहरुबाट गरी ३५ पुरुष र ३१ महिला गरी ६६ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको ढाँचा

| क.सं. | कियाकलाप | जिम्मेवारी | समयावधी |
|---|---|---|---|
| १. | सहभागिहरुको नाम दर्ता | | ९.१५ बाट |
| २. | मञ्च व्यवस्थापन तथा आसनग्रहण<br>अध्यक्षता - CWSN का अध्यक्ष गोविन्दराज पहारी<br>प्रमुख अतिथि - तोरण बहादुर बाँनिया, वडा अध्यक्ष पोमनपा वडा नं. १५ | | |
| ३. | स्वागत तथा कार्यक्रमको उद्देश्यको बारेमा जानकारी | ठाकुर प्रसाद चापागाई, कार्यकारी निर्देशक CWSN | ९.४५ बजे |
| ४. | सामाजिक परिक्षणको संचालन प्रक्रिया र आचारसंहिताको बारेमा जानकारी | सहजकर्ता श्यामनाथ कुँवर | ९.४५ बजे बाट |
| ५. | सामाजिक परिक्षण सम्बन्धि प्रतिवेदन प्रस्तुतिकरण | सहजकर्ता श्यामनाथ कुँवर | |
| ६. | खुल्ला छलफल | सहभागिहरु | १०.३० बजे बाट |
| ७. | गुनासो तथा सुझाव अभिलेखन | सहजकर्ता टोली | |
| ८. | गुनासो तथा सुझावमा प्रष्टिकरण तथा प्रतिबद्धता | CWSN का अध्यक्ष | |
| ९. | धन्यवाद ज्ञापन र समापन | सभाअध्यक्ष | १२.१५ बजे |

## २. सामाजिक लेखाजोखा परिक्षणको उद्देश्यहरु

- संस्थागत संक्षिप्त इतिहास र पृष्ठभूमिको बारेमा जानकारी दिन ।
- संस्थाले विगतका वर्षहरुमा सञ्चालनमा ल्याएका कार्यक्रम तथा परियोजनाले लक्षित समूह तथा वर्गमा परेको प्रभावका बारेमा समिक्षात्मक विश्लेषण गर्न ।
- संस्थाका विभिन्न कार्यक्रम तथा परियोजनाहरु सञ्चालनको लागि गरिएको खर्च र त्यसका श्रोतहरुका बारेमा जानकारी दिन ।
- संस्थाको सबै काम कारवाहीलाई पारदर्शी बनाउन ।
- साझेदार संघ संस्था तथा वाह्य सरोकारवालाहरुबाट संस्थाको मुल्यांकन गर्न ।

- संस्थाले हालसम्म हासिल गरेका सिकाई, विकाश गरेका प्रविधि तथा असल अभ्यासहरुको आदान प्रदान तथा प्रचार प्रसार गर्न ।
- भावी योजना तथा कार्यक्रमको पृष्ठपोषण गर्न ।

## ३. सामाजिक परीक्षणका आधार

बालहितकारी परियोजना नेपालको सामाजिक कार्यसम्पादनको अनुगमन, मुल्यांकन तथा मापन गर्नको लागि सामाजिक कार्यको प्रभावको लेखाजोखा गर्न गरिने सामाजिक परीक्षणको आधारहरु निम्न रहेका छन् ।

- बालहितकारी परियोजना नेपालको संगठनको संरचना,
- संस्थाको विधान, नीति तथा रणनीति
- संस्थाको योजना, कार्यक्रम र बजेट
- संस्थाले सञ्चालन गरेको परियोजनाको अनुगमन
- लाभग्राहीको हितमा गरेका काम तथा सेवाप्रति सन्तुष्टिको अवस्था
- बालबालिका, अल्पसंख्यक र युवाहरुको अधिकार संरक्षण, उत्तरदायी ढंगले समुदायमा दिगो हिसाबले सशक्तिकरण
- विपन्न बालबालिका, अल्पसंख्यक अपांगता र युवाको क्षमता अभिबृद्धि,
- सामाजिक संघ संस्थाको समुदायप्रतिको दायित्व
- संस्थाको सामाजिक क्षेत्रमा योगदान आदी

## ४. सामाजिक परीक्षणका प्रक्रिया

- सामाजीक लेखाजोखा संचालन गर्न स्वतन्त्र व्याक्तिको नियुक्ति
- संस्थाबाट संचालित कार्यक्रमहरुको बारेमा सम्बन्धित व्यक्तिहरुबाट आवश्यक सुचनाहरु लिएको र आवश्यक अभिलेखहरु मागी अध्ययन
- संस्थाको परिकल्पना, लक्ष्य, उद्देश्य, क्रियाकलाप, संगठनात्मक संरचना र संस्थागत नीति नियमहरु तथा परियोजनाको अध्ययन
- संस्थाको आर्थिक नियमावली, कर्मचारी निमयमावली, कर्मचारी आचार संहिता, बाल संरक्षण नीति २०६४, लैंगिक नीतिको विश्लेषणात्मक अध्ययन,
- संस्थाको भौतिक संशाधन तथा मानवीय पक्षको अवस्थाका अवलोकन तथा विश्लेषण,
- संस्थाका पदाधिकारी, तथा सदस्य, कर्मचारी र सेवाग्राहीसँग अन्तरवार्ता,

- कार्यालयको अभिलेखको जाँच,
- लक्षित क्षेत्रको अवलोकन र सामुहिक रुपमा छलफल, आवश्यकता अनुसार सर्वेक्षण तथा सूचना संकलन,
- प्राप्त उपलब्धी, परिणाम र प्रभावको मुल्यांकन,

## ५. प्रारम्भिक मस्यौदा तथा छलफलको खाका

- संस्थाको कार्यक्षेत्र,
- बालहितकारी परियोजना नेपालका प्राथमिकता तथा लक्ष्यहरु,
- गत वर्षका उपलब्धीहरु
- संस्थाको सामाजिक जिम्मेवारी र आगामी दिनमा सुधारको चाल्नु पर्ने कदमहरु,
- संस्थाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारका लागि गरिएको प्रयासहरु,
- संस्थाका सञ्चालित कार्यक्रममा सेवाग्राहीको पहुँचको अवस्था तथा लाभान्वीतको स्थिति,

## ६. सामाजिक परीक्षण कार्यक्रमको आचारसंहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ :-

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्याकं र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने । सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सामाजिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।
- प्रश्नको उत्तरमा चित्त नबुझे समय मागेर पूरक प्रश्न सोध्ने ।

## ७. सामाजिक परीक्षणका सिमाहरु

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको सबै विधी अनुसरण गर्नु पर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादाता अन्तरवार्ता लिईएको र लक्षीत सरोकारवाला सँगको अन्तरक्रियाको आधार लिईएको छ ।

## ८. सामाजिक परीक्षण कार्यक्रममा पेश गरिएको प्रतिवेदन

### बालहितकारी परियोजना नेपालको परिचय र इतिहास

- बालहितकारी परियाजना नेपाल २०५४ साल जेठमा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा दर्ता ( दर्ता नं.७३३/०५३-५४) भएको संस्था हो । संस्थालाई मिति २०७८ माघ २४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट जिल्ला प्रशासन कार्यालय कास्कीमा स्थानतरण गरिएको छ र स्थानतरणको अभिलेख दर्ता नं. ४४२३ रहेको छ ।
- संस्थाले बालसंरक्षण, शिक्षा, स्वास्थ्य, अपाङ्गता र आकस्मिक सहयोग गरेर ५ वटा विषयगत क्षेत्रमा काम गर्दै आईरहेको छ ।
- स्थापनाको समयमा कास्कीको सैमराङ, भाचोक, मिजुरेडाँडा र लमजुङको पसगाँउमा १४ वटा शिशु स्याहार/स्वास्थ्य केन्द्रको स्थापना
- वि.सं. २०५४ देखि ६६ सम्म सुधारीएको चुलो कार्यक्रम संचालन कार्यक्षेत्रका ८५ प्रतिशत जनता लाभान्वीत ।
- वि.सं. २०५७ पौषमा शिशु स्याहार / स्वास्थ्य केन्द्रमा उपचार गर्न नसकिने बिरामी बालबालिकाहरु थप उपचारका लागि तथा शहरी क्षेत्रका गरिव तथा विपन्न बालबालिकाहरुलाई पनि प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने गरी पोखरामा आशा क्लिनिकको स्थापना
- वि.सं. २०५९ सामाजिक तथा आर्थिक रुपले कठिन परिस्थितिमा रहेका किशोर किशोरी हरुलाई व्यवसायिक पुनर्स्थापना गर्नका लागि ज्योति व्यावसायिक तालिम केन्द्र स्थापना
- वि.सं. २०६१ सडक बालबालिकाहरुको शिक्षा, स्वास्थ्य जस्ता अधिकारको सुनिश्चितता एवं उनिहरुको सामाजिक पुनर्स्थापनाका लागि ज्योति सडक कार्यक्रम संचालन
- वि.सं. २०६२ सडक, श्रमिक तथा विपन्न वर्गका बालबालिकाहरुलाई लक्षित गरी बाल विकास खजाना कार्यक्रमको संचालन
- वि. स. २०६७ पौष, बालअधिकार संरक्षणका लागी पैरवी गर्ने उदेश्य राखी दक्षिण एशियाली नागरिक समाज संजाल अन्तर्गत बालहितकारी परियोजना नेपालको नेतृत्वमा नेपालमा संजालको निर्माण र परिचालन
- वि. सं. २०६९ मा राष्ट्रिय सीप परिक्षण बोर्डबाट ज्योति व्यवसायिक केन्द्रलाई राष्ट्रिय सीप परिक्षण केन्द्रका रूपमा सुचिकृत

- वि.सं. २०७२, गोरखा तथा धादिङ्गमा भूकम्प प्रभावितहरुको लागि राहत सहयोग तथा विद्यालय पुननिर्माण कार्यमा सहयोग ।
- सन् २०१६, तत्कालिन पोउमनपा, जि.ज.स्व. र बालहितकारी परियोजना नेपालको समझदारीमा आशा क्लिनिकलाई शहरी स्वास्थ्य केन्द्रमा रुपान्तरण गरिएको ।
- कास्की जिल्लाभरका सामुदायिक विद्यालयहरुमाप्रारम्भिक तह पढाई कार्यक्रम संचालन ।
- सन् २०१७, प्रारम्भिक बालविकास कार्यक्रम
- सन् २०१८, आरआई ग्लोबलको सदस्य
- सन् २०१८, अपाङ्गता पुनर्स्थापना तथा समावेशी शिक्षा कार्यक्रम
- सन् २०१९, शहरी गरिबीमा कठिन जीवनयापन गरिरहेका किशोरकिशोरीहरुको लागि किशोरकिशोरी स्वास्थ्य तथा सम्वृद्धि कार्यक्रम
- सन् २०२० र २०२१, कोभिड १९ मा आकस्मिक राहत, स्वास्थ्य सामग्री तथा स्वास्थ्य बिमा कार्यक्रम

**प्राप्त अवार्ड तथा सम्मानहरु :**

- एशिया प्रशान्तमा स्वास्थ्यका क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्य उल्लेखनिय कार्य गरे वापत स्टार फाउन्डेसन द्वारा प्रदान गरिने स्टार इम्प्याक्ट अवार्ड २००९ प्राप्त
- एशिया प्रशान्त क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरु मध्य शिक्षा क्षेत्रमा उल्लेखनिय कार्य गरे वापत स्टार फाउन्डेसन द्वारा प्रदान गरिने स्टार इम्प्याक्ट अवार्ड २०१३ प्राप्त गर्न सफल ।

**संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरु :**

**परिकल्पनाः**
बालबालिका र युवाहरूको अधिकार र कर्तव्यको बोध भएको तथा गुणस्तरीय सेवामा पहुँच भएको सबल र दिगो समुदाय सहितको समाज ।

**ध्येयः**
परिवार र समुदायलाई शसक्तिकरण गर्दै तथा गुणस्तरीय सेवा र सहयोग प्रदान गर्दै समान अवसरबाट वञ्चित बालबालिका र युवाहरूको अधिकार सुनिश्चित गर्ने कार्यमा सदैव क्रियाशिल रहने ।

**लक्ष्यः**
बालबालिका र युवाहरूको अधिकार सुनिश्चित गर्दै उनीहरूलाई गुणस्तरीय सेवाहरू प्रदान गरी तथा उनीहरूमा सकारात्मक परिवर्तन ल्याई समाज र परिवारमा जीवनयापन गर्ने अवसर प्रदान गर्ने ।

**उदेश्यहरुः**

- संयुक्त राष्ट्रसंघले घोषणा गरेका तथा नेपाल सरकारले अनुमोदन गरेका बालअधिकारहरूको संरक्षण गर्ने
- समान अवसरबाट वञ्चित बालबालिका तथा युवाहरूलाई गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने
- बालबालिकाहरूको संरक्षण गर्न, शिक्षा  र स्वास्थ्य मा सहयोग गर्नका लागि समुदायहरूलाई सहजिकरण र सशक्तिकरण गर्ने
- संस्थागत नीतिनियम तथा राम्रा अभ्यासहरूको पालना गर्दै संस्थामा सुशासन कायम राख्ने
- संस्थाको संपत्तीको उचित प्रयोग गर्दै कार्यक्रमहरूमा सुधार ल्याउने

**संस्थाका मुल्य तथा मान्यता**

- पारदर्शिता
- सहभागिता
- स्वतन्त्रता
- पुर्णता
- दिगो परिवर्तन
- अधिकार आधारित
- अति सिमान्तकृत समुदायसँग पुग्ने

## संस्थाको कार्यक्षेत्रः

संस्थाको हालको कार्यक्षेत्र गण्डकी प्रदेश रहेको छ ।

**संस्थाको कानुनी आधार :**

- जिल्ला प्रशासन कार्यलय काठमाण्डौमा दर्ता (दर्ता नं.७३३ /०५३।०५४)
- जिल्ला प्रशासन कार्यालय कास्कीमा स्थान्तरण (स्थान्तरण अभिलेख दर्ता नं.४४२३/०७८-७९) रहेको छ ।
- समाजकल्याण परिषद्मा आवद्धता ( आवद्धता नं. ६७९६)
- आन्तरिक राजस्व कार्यालयवाट पान नं. लिएको (पान नं.३०१९३५८५२)
- प्रत्येक वर्ष आन्तरिक राजस्व कार्यालयवाट कर चुक्ताको प्रमाणपत्र लिएको
- प्रत्येक वर्ष जिल्ला प्रशासन कार्यालयमा नविकरण भएको

- समयमा नै संस्थाको आर्थिक लेखापरिक्षण सम्पन्न गरेको

## संस्थाद्धारा संचालित मुख्य कार्यक्रमहरु

## १) ज्योति संरक्षण तथा बिकास कार्यक्रम

| | |
|---|---|
| **कार्यक्रम** | ज्योति संरक्षण तथा बिकास कार्यक्रम |
| **अवधि** | १ अप्रिल २०१७ देखि ३० जुन २०२३ सम्म |
| **सहयोगीसंस्था** | किडाशा र राष्ट्रिय बाल अधिकार परिषद |
| **लक्ष्य** | सडक वा उत्तरदायी पारिवारिक हेरचाह बाहिर रहेका बालबालिकहरुलाई वयस्क हुँदासम्म संरक्षण प्रदान गर्ने तथा उनीहरुको सर्वाङ्गिण बिकासको माध्यमबाट व्यक्तिगत ब्यवहारमा सकारात्मक परिवर्तन ल्याई सामान्य जीवन निर्वाह गर्न सक्ने एक सबल नागरिक बनाँउने । |
| **उद्देश्यहरु** | ✓ सडक वा उत्तरदायी परिवारिक हेरचाह बाहिर रहेका बालबालिकाहरुलाई संरक्षण तथा पूनर्स्थापना सेवा प्रदान गर्ने।<br>✓ व्यबहार परिवर्तन, शिक्षा तथा सकारात्मक जिवनयापनबाट बालबा लिकाहरुको व्यक्तिगत बिकास वा सुधार गर्ने।<br>✓ पोखराका बिभिन्न स्थानमा रहेका सडक आश्रित बालबालिकाहरुकोउद्दार , संरक्षण र व्यवस्थापन गरी पूनर्स्थापना तथा पूर्नमिलन गर्ने कार्यलाई सघाँ उने।<br>✓ पारिवार आर्थिक र मनोबिमर्श सहयोग तथा पारिवारिक सबलिकरणबा ट परिवार बिघटन हनमा रोकथाम गर्ने। |
| **मुख्य क्रियाकलापहरु** | *(सडक बालबालिका उद्धार तथा व्यवस्थापन निर्देशिका २०७२ अनुसार अस्थायी संरक्षण र सामाजिकीकरण सेवा प्रदान)*<br>• अस्थायी संरक्षण सेवा<br>• पारिवारीक पुनर्मिलन तथा पुनर्स्थापना<br>• परिवार सहयोग कार्यक्रम<br>• शैक्षिक सहयोग<br>• सडकमा बस्न रोक्न सचेतना कार्यक्रम<br>• बालविकास खजना तथा जीवन उपयोगी सिप<br>• कानुनी पहिचानको लागि सहयोग |
| **लाभन्वित** | • अस्थायी संरक्षण तथा सामाजिकिकरण सेवा – ४० जना<br>• परिवार सहयोग कार्यक्रम – ४६ परिवार ( ८४ बालबालिका)<br>• विद्यालय सहयोग – १०२ बालबालिका<br>• पुनर्स्थापना – १३ जना बालक<br><br>सन् २००४ देखि हालसम्म ३००० जनाले सेवा लिएका छन् । |








## २) आशा स्वास्थ्य सेवा कार्यक्रम

| | |
|---|---|
| **कार्यक्रम** | आशा स्वास्थ्य सेवा (श.स्व.के.१५ लाई सहयोग) |
| **अवधि** | जुन २०१६ देखि ३० जुन २०२३ सम्म |
| **सहयोगीसंस्था** | बालहितकारी परियोजना नेपालको आन्तरिक श्रोत तथा पोखरा महानगरपालिका |
| **उद्देश्य** | शहरी तथा शहरी गरिवीमा बसोबास गरिरहेका सिमान्तकृत समुदायलाई गुणस्तरिय प्राथमिक स्वास्थ्य सेवा प्रदान गर्ने |
| **मुख्य क्रियाकलापहरु** | • OPD सेवा<br>• सामुदायिक औषधि कार्यक्रम/ Community Drug Program (CDP)<br>• Home visit<br>• परामर्श |
| **लाभन्वितसंख्या** | • शहरी स्वास्थ्य केन्द्र १५ सँगको सहकार्यमा ६०३४ जनालाई विभिन्न स्वास्थ्य सेवाहरु प्रदान |








## ३. किशोर किशोरी स्वास्थ्य तथा सम्वृद्धि कार्यक्रम

| | |
|---|---|
| कार्यक्रम | किशोर किशोरी स्वास्थ्य तथा सम्बृद्धि परियोजना |
| अवधि | अगस्ट २०१९ देखि मार्च २०२२ सम्म |
| सहयोगीसंस्था | डिएफआइडी र किडाशा |
| मुख्य क्रियाकलापहरु | • ३० सामुदायिक विद्यालयहरुमा जीवन उपयोगी सीप शिक्षा<br>• १० वडाहरुमा समुद्‌यमा आधारित बालसंरक्षण संयन्त्रको लागि सहजीकरण<br>• १० शहरी स्वास्थ्य केन्द्रहरुलाई किशोरकिशोरी मैत्री बनाउन सहयोग |

| | |
|---|---|
| मुख्य उपलब्धीहरु | • ३० सामुदायिक विद्यालयका कक्षा ८ मा अध्ययन्रत २१६० जना (परियोजना अवधिमा ६४११) किशोरकिशोरीहरुलाई ३० घण्ट जीवनउपयोगी सिप शिक्षा तालिम प्रदान<br>• ३० सामुदायिक विद्यालयका ६० सम्पर्क शिक्षकहरुलाई जीवन उपयोगी सिप शिक्षा सहजीकरणको लागि क्षमता विकास<br>• १० वडाका ९० सामुदायिक बालक्लबका ९८१ (परियोजना अवधिमा ९६ |

| | |
|---|---|
| मुख्य उपलब्धीहरु | • १० वटा शहरी स्वास्थ्य केन्द्रहरुमा किशोरकिशोरी मैत्री भौतिक संरचना सुधार तथा निर्माणमा सहयोग<br>• २४ वटा महिला समूहका ३८३ जना महिलाहरुलाई कोभिड १९ तथा बालसंरक्षण विषयमा अभिमुखिकरण<br>• १० वडामा बालसंरक्षण समिति गठनमा सहजीकरण<br>• पोमनपाको स्थानीय शैक्षिक पाठ्यक्रममा १८ घण्टाको जीवन उपयोगी सिप कक्षा समावेश<br>• कास्कीमा बालबालिकाको क्षेत्रमा क्रियाशलि नागरिक संगठनहरुको संजाल निर्माण |








## ४. अपाङ्गता भएका बालबालिकाहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम

| | |
|---|---|
| कार्यक्रम | अपाङ्गता भएका बालबालिकाहरुको लागि क्षमता अभिबृद्धि कार्यक्रम (CBRP) |
| अवधि | नोभेम्बर २०२० देखि अक्टोबर २०२२ सम्म |
| सहयोगीसंस्था | Hong Kong Society for Rehabilitation |
| उद्देश्य | अपाङ्गता भएका बालबालिकाहरुको क्रियाकलाप र सहभागिताको तहमा सुधार गर्ने |
| मुख्य क्रियाकलाप | • कर्मचारीलाई अपाङ्गता पुनर्स्थापना सम्बन्धि क्षमता विकास तालिम<br>• अटिजम, मस्तिष्क पक्षघात, बौद्धिक अपांगता भएका २१ बालबालिकाको दैनिक क्रियाकलाप र सहभागितामा वृद्धि गर्न थेरापी, परामर्श र सहयोग सामग्री सहयोग<br>• बौद्धिक अपाङ्गता(ID, Autism & CP) भएका बालबालिकाको अभिभावक/Caretaker हरुलाई हेरचाह सम्बन्धि तालिम<br>• तालिम सामग्री र अध्ययन सामग्रीहरु तयार<br>• Home Visit and Follow -up<br>• अभिभावकलाई समूहगत रुपमा परामर्श<br>• औषधी उपचारमा सहयोग<br>• वडासँगको साझेदारीमा ३ वडामा १५० जनालाई अपाङ्गता सम्बन्धि अभिमुखीकरण कार्यक्रम |








## ५. सुरक्षाको लागि माक्स कार्यक्रम

| | |
|---|---|
| कार्यक्रम | सुरक्षाको लागि माक्स |
| अवधि | जुलाई देखि डिसेम्बर २०२२ |
| सहयोगीसंस्था | Rehabilitation International Global |
| उद्देश्य | कोभिड-१९ बाट संरक्षण गर्न गराउन स्वास्थ्य सुरक्षा सामाग्री तथा आकस्मिक राहत उपलब्ध गराउने । |
| मुख्य उपलब्धि | • ३५ सामुदायिक विद्यालयका २७,२९८ विद्यार्थी र १४४२ शिक्षक, २३७६ बालक्लबका सदस्यहरु, महिला समूहका सदस्यहरु र १६ वटा स्वंयसेवी समूहहरु, ७५ अपाङ्गता भएका व्यक्तिको परिवार, शहरी स्वास्थ्य केन्द्र लगायतलाई ४३०५०० पिस माक्स, ४१६.८ लि. सेनीटाईजर (विद्यालय र स्वास्थ संस्थालाई मात्र), स्वास्थ्यकर्मीहरु लाई ५५ सेट पिपिई, ११०० जोडा गलभ्स,<br>• ७५ अपाङ्गता भएका व्यक्तिको परिवारलाई राहत |








## ६. जीवनउपयोगी सिप शिक्षा कार्यक्रम

| | |
|---|---|
| कार्यक्रम | जीवन उपयोगी सिप शिक्षा कार्यक्रम (LSEP) |
| अवधि | मार्च २०२२ देखि अप्रिल २०२४ सम्म |
| सहयोगीसंस्था | किडाशा |
| कार्यक्षेत्र | पोखरा महानगरपालिकाका ६० वटा सामुदायिक विद्यालयहरु |
| लक्षित समूह | कक्षा ७ र ८ मा अध्ययनरत किशोरकिशोरीहरु |
| बजेट | रु.१,३२,२१,३३२ |
| उद्देश्य | • विद्यालयमा आधारित जीवन उपयोगी सिप शिक्षा मार्फत किशोराकिशोरीहरुमा किशोरावस्थामा आउने समस्या तथा जोखिमहरुको पहिचान गर्न र त्यसमा उपयुक्त निर्णय लिन सक्ने क्षमताको विकास गर्न सक्षम बनाउनु ।<br>• जीवन उपयोगी सिप शिक्षा सहजीकरणका लागि शिक्षकहरुको क्षमता विकास गराउनु ।<br>• जीवन उपयोगी सिप शिक्षाको लागि स्रोत/अध्ययन सामग्रीहरु तयार गर्नु । |

| | |
|---|---|
| मुख्य क्रियाकलाप | • ३० सामुदायिक विद्यालयहरुमा कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीहरुको लागि विद्यालयमा आधरित जीवन उपयोगी सिप शिक्षा कक्षा संचालन (हरक हप्ता १ कक्षा)<br>• अघिल्लो (सन् २०१९ देखि सुरु भएका) ३० सामुदायिक विद्यालयहरुमा जीवनउपयोगी सिप शिक्षा संचालनको लागि विद्यालयलाई प्राविधिक सहयोग<br>• वि.व्य.स. तथा शि.अ.सं. सँगको बैठक<br>• अभिभावकसँगको अन्तरक्रिया कार्यक्रम<br>• प्रधानाध्यापक तथा शिक्षकहरुसँगको अन्तरक्रिया तथा बैठक कार्यक्रमहरु<br>• सम्पर्क शिक्षकहरुको क्षमता विकास कार्यक्रम<br>• अध्ययन तथा स्रोत सामग्रीहरु तयार तथा वितरण<br>• उत्प्रेरणमुलक कक्षाहरु संचालन<br>• विद्यालयस्तरमा सचतनामुलक तथा प्रतिस्पर्धात्मक क्रियाकलापहरु संचालनलाई सहयोग<br>• विद्यालयमा नोटिस बोर्ड, शैक्षिक सामग्री र खेलकुद सामग्रीवितरण |

## ७. समुदायमा आधारित बालसंरक्षण परियोजना


| | |
|---|---|
| कार्यक्रम | समुदायमा आधारित बालसंरक्षण कार्यक्रम (CBCP) |
| अवधि | मार्च २०२२ देखि अप्रिल २०२४ सम्म |
| सहयोगीसंस्था | किडाशा |
| कार्यक्षेत्र | पोखरा महानगरपालिकाका |
| लक्षित समूह | बालक्लब, समुदाय, वडा तथा महानगरस्तरीय सरोकारवालाहरु |
| बजेट | रु.९७,९१,००९ |
| उद्देश्य | • समुदायलाई बालसंरक्षणमा जिम्मेवार बनाउन सामुदायिक संस्थाहरुको क्षमता विकास तथा समुदाय स्तरीय बालसंरक्षण संयन्त्रको विकासमासहयोग गर्नु ।<br>• बालक्लब तथा बालमञ्चहरुको संस्थागत विकासमा सहयोग गर्नु।<br>• बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि सहयोग गर्नु।<br>• बालसंरक्षण संयन्त्रको विकास तथा प्रभावकारीताको लागि पैरवी, समन्वय, संजालीकरण र अभियानहरु संचालन गर्नु ।<br>• बालसंरक्षणमा क्रियाशिल सरोकारवालाहरुको क्षमता विकासको लागि सहयोग गर्नु । |

| | |
|---|---|
| मुख्य क्रियाकलाप | • पोमनपाका १२ टोलहरुमा समुदायमा आधारित बालसंरक्षण संयन्त्र विकासको लागि सहयोग (बालक्लब, बालसंरक्षण समूह र समुदायका पैरवीकर्ताहरुको क्षमता विकासका कार्यक्रमहरु)<br>• समुदायमा बालसंरक्षण विषयमा सचेतनामुलक कार्यक्रमहरु संचालन<br>• सामुदायिक अगुवाहरुको क्षमता विकास<br>• वडास्तरीय बालमञ्चहरुको क्षमता विकास कार्यक्रम<br>• वडा स्तरीय बालसंरक्षण समूहको क्षमता विकास कार्यक्रम<br>• वडास्तरीय बालबालिका सम्पर्क व्यक्तिहरुको लागि क्षमता विकास कार्यक्रम<br>• समुदाय, वडा तथा महानगरस्तरमा बालक्लब तथा बालमञ्चसँगकोसहकार्यमा सचतनामुलक कार्यक्रमहरु संचालन<br>• महानगरस्तरीय सरोकारवालाहरुसँग अन्तरक्रिया<br>• बालअधिकारको लागि नागरिक समाज संजालको क्षमता विकास कार्यक्रम<br>• जिल्लास्तरीय सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम<br>• बालसंरक्षण र बालसहभागिताको विषयमा अध्ययन तथा प्रदेश स्तरको छलफल कार्यक्रम<br>• बालसंरक्षण सम्बन्धि सचेतनामुलक सामग्री, रिफरल डाईरेक्टरी लगायतका सामग्रीहरु तयार तथा प्रकाशन |

आर्थिक वर्ष २०७८/२०७९ को आम्दानी खर्च विवरण :

## आ.व.२०७८/२०७९ को आयव्यय विवरण

| कार्यक्रम | Amount(NPR) |
|---|---|
| किडाशा | १३३,१७,७७५.६२ |
| आरआई | ३३,२२,२७३.८५ |
| रा.बा.अ.प. र गण्डकीप्रदेश | १३,००,१६०.९ |
| एचकेएसआर | ७,१४,६९३.७५ |
| संस्थागत | ३६,१४,७७७.१० |
| **जम्माआय** | **२,२३,०९,६८१२२** |
| किडाशा | १,३४,२०,३७६.५७ |
| आरआई | ३०,०३,३८५ |
| आशा स्वास्थ्यसेवा(HK)+CDK | ३,६९,५७७ |
| एचकेएसआर | ८,५१,०७० |
| रा.बा.अ.प. JPDP | १२,८७,०३० |
| प्रशासनिक्तथा अन्य खर्च | ३३,९६,०६६.०६ |
| Associationde Hogares(Pedro) | २,४४,४०८.२२ |
| **जम्मा खर्च** | **२,२५,७१,९१३५३** |
| Surplus/Deficit | (2,26,232.31) |




## आ.व.२०७९/०८० को कार्यक्रम तथा बजेट

| कार्यक्रम | बजेट |
|---|---|
| ज्योती संरक्षण तथा विकास परियोजना | रु.९०,४२,४०६।- |
| जीवनउपयोगी सिप शिक्षा परियोजना | रु.८०,३०,२७८।- |
| समुदायमा आधारित बालसंरक्षण परियोजना | रु.५७,२०,०७८।- |
| अपाङ्गता सम्बन्धि पुनर्स्थापना तथाक्षमताविकास कार्यक्रम | रु.१५,९१,३३५।- |
| आशा स्वास्थ्य सेवा र अन्य संस्थागत क्रियाकलापहरु | रु.३४,६०,०००।- |
| | रु.२,७८,४४,०९७- |

**संस्थाका सुशासनका पक्षहरु**

- आर्थिक नियमावली  नियमावली २०५८ (तेश्रो संशोधन २०७८)
- आर्थिक पारदर्शितामा जोड, ठुला सामान किन्नु अगाडी कार्य समितिको निर्णय, खरिद समिति , वोल पत्र आव्हान, कोटेशन माग, चेक मार्फत कारोवार, चेकमा कम्तीमा २ जनाको हस्ताक्षर अनिवार्य
- प्रत्येक वर्ष असोज मसान्त भित्र लेखापरिक्षण गरिदै आएको
- कर्मचारी निमयमावली २०५७ तेश्रो संशोधन २०७८
- कर्मचारी छनोट समिति, कर्मचारी छनौट गर्दा विपन्न वर्गहरुलाई छनौट गर्नु पर्ने कुरालाई प्राथमिकता दिएको र व्यवहारमा ल्याईएको
- संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य, क्रियाकलाप, संगठनात्मक संरचना  रहेको
- बाल संरक्षण नीति २०६४
- कर्मचारी आचार संहिता - बालअधिकारको संरक्षण, पारदर्शिता, शुसासनमा जोड, भेदभाव रहित, प्रेमपुर्ण वातावरण, सरकारी निति नियमको पुर्ण पालना, आर्थिक मितव्ययीता, काम प्रति वफादार, सहयोगी भावना
- नेपाल सरकारका निति नियम, संस्थाको विधान, विभिन्न निर्देशिका, संचालन कार्यविधि, आचार संहिता आदीलाई आधार वनाई कार्यसंचालन गर्ने गरेको
- संस्थाको सवैभन्दा माथिल्लो निकाय साधारण सभा त्यस पछाडी कार्यकारीणी समिति, व्यवस्थापन समिति, कार्यक्रम संयोजक हुदै अन्य निकाय रहेको
- सचिवको संयोजकत्वमा उजुरी सुनवाई समिति गठन
- लैंगिक नीति निर्माणको क्रममा
- एक व्याक्ति एक जिम्मेवारी
- सामाजीक लेखाजोखा कार्यक्रम
- नियमित रुपमा अधिवेसन तथा वार्षिक साधरणासभा
- नियमित कार्य समिति वैठक
- स्थानीय सरकारबाट परियोजनाको स्वीकृति लिने तथा नियमित रुपमा समिक्षा
- जिल्ला समन्वय समितिमा कार्यक्रम पेश

**संस्थागत आवद्धताः**

- जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा दर्ता र जि प्रशासन कार्यालय कास्कीमा स्थानान्तरण
- समाजकल्याण परिषद्मा आवद्धता
- स्थानीय सरकारवाट कार्यक्रम संचालन स्विकृति लिएको र सुचीकृत भएको
- गैर सरकारी संस्थामहासंघ कास्कीमा आवद्धता
- बालअधिकारका संजालहरुमा आबद्धता (कन्सोर्टिएम, सिजोप, एनसिपिए, बालअधिकारका लागि नागरिक समाज)

**संस्थाका मुख्य सरोकारवालाहरुः**

सडकमा आश्रीत बालबालिका/सेवाग्राही बालबालिका /सेवाग्राहीका अभिभावक कार्यक्षेत्र भित्रका जनता, आमा समुह, युवा समुह, बालसमुह, टोल विकास संस्था, विद्यालय, वडा, महानगरपालिका, गा.पा. जि.स.स., जिल्ला प्रशासन कार्यालय, स्वास्थ्य, प्रहरी, राजनीतीक दल, मानव अधिकारवादी संस्था, सरकार,अन्तराष्ट्रिय समुदाय आदी......

**संस्थाको भौतिक सम्पत्ति**

- जग्गा :१२ रोपनी ६ आना ४ दाम र २ पैसा
- भवन संख्या :७ (२७ हजार २ सय ७२ वर्ग फिट)
- सवारी साधन : स्कुटर : ४ थान
- वाटर बोरीङ : २ थान
- बायो ग्यास : १ थान
- जेनेरेटर : १ थान
- ट्रान्सफर्मर : १ थन
- शोलार सिस्टमः १ सेट

## साझेदार तथा सहयोगी संस्थाहरु

- किडाशा
- आरआई ग्लोबल
- एजकेएसआर
- राष्ट्रिय बालअधिकार परिषद

- सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश
- पोखरा महानगरपालिका

## मानव संशाधन ( कार्यसमिति तथा कर्मचारी)

| कार्यसमिति | कर्मचारी |
|---|---|
| जम्मा ७ जना<br>४ पदाधिकारी र ३ सदस्य<br>महिला - १ जना, पुरुष - ६ जना<br>जनजाति - १ जना, खसआर्य - ६ जना | जम्मा २५ जना<br>महिला - १५ जना, पुरुष - १० जना<br>जनजाति- ९ जना, दलित- ३ जना, खसआर्य- १२ जना, थारु- १ जना |

## संस्थाका सवल पक्ष

- संघ, प्रदेश र स्थानीय सरकार संगको साझेदारी तथा समन्वयमा कार्यक्रम संचालन
- संस्थाको भौतिक संरचना मजबुत
- आन्तरिक कोष बलियो
- अवधि सकिएपछाडी सरकारलाई कार्यक्रम हस्तान्तरण
- संस्था दिगोपनाको मजवुद आधार
- दक्ष तथा उर्जाशिल जनशक्ति
- स्थानीय सरकारको आवश्यकता अनुसारका सवाल छनौट गरि परियोजना अगाडी वढाएको
- स्थानीय सरकार, समुदाय तथा बालक्लब/मञ्चबाट प्रशंसापत्र
- सडक बालकको पुनर्स्थापनामा उदहरणीय काम
- बालमैत्री पोखरा महानगर बनाउन सहयोग गरिरहेको
- विद्यालयमा संचालित जीवन उपयोगी सिप शिक्षाले कतिपय किशोरकिशोरीको जीवनमा नै सकरात्मक परिवर्तन ल्याएको

## सहजकर्ताको पक्षवाट सुझावहरु

- संस्थाको इतिहास र भौतिक पुर्वाधरको पक्ष अनुसार कार्यक्रमहरु थप संचालन गर्नुपर्ने ।
- संस्थाका गतिविधिहरुको प्रस्ट देखिने खालका श्रव्यदृश्य सामग्रीहरु/प्रकाशनहरु, अभिलेखहरु, सेवापत्र प्रयाप्त मात्रमा तयार गर्नुपर्ने र सबै सेवाग्राही तथा सरोकारवालाहरुसँग पुग्नुपर्ने ।
- संस्थाका कार्यक्रमहरुको प्रचारप्रसारमा जोड दिनुपर्ने ।
- कार्यसमितिमा महिला सहभागिता कम्तीमा पनि ३३ प्रतिशत र कार्यसमिति समावेशी बनाउनु पर्ने ।

- दिगो विकास लक्ष्य, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका नीति योजना तथा प्राथमिकताहरुमा काम गरेतापनि सो सम्बन्धि स्पष्ट देखिने अभिलेख नभएको हुँदा त्यसमा जोडदिनुपर्ने ।
- संस्थागत क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- संस्था तथा सञ्चालित कार्यक्रमको दिगोपनको लागि योजनाबद्ध ढंगले काम गर्नु पर्ने

## ९. टिप्पणीकर्ताले उठाएको सवाल र सवालको सम्बोधन

| टिप्पणीकर्ता | सवाल तथा सुझावहरु | संस्थाको तर्फबाट सवाल तथा सुझावको सम्बोधन |
|---|---|---|
| विष्णु सिग्देल, राष्ट्रिय अपांग महासंघ नेपाल | पोखरा महानगरको वडा नम्बर १देखि १५सम्म वडा स्तरमा अपांग समन्वय समिति गठन गर्न संस्थाको योगदान छ । त्यसलाई पछ्याएर पोखरा महानगरले ३३ वडामा सञ्चाल विस्तार गरेको छ । सोही अनुसार महानगर स्तरीय सञ्जाल बनाउने काम भएको छ । संस्थाको कार्य समिति समावेशी बनाउँदा अपांगताको प्रतिनिधित्व हुनु पर्‍यो । सबै संरचनालाई अपांगमैत्री बनाउन प्रयाप्त ध्यान दिन पर्‍यो । | संस्थाको कार्यसमितिमा सबै वर्ग समुदायको समानुपातिक समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व गराउने सवाल उठेको छ । आगमि अधिवेसनमा संस्थाको साधारण सदस्यहरु मध्येबाट सोहि अनुसारको प्रतिनिधित्व गराउन ध्यान दिनेछौं । |
| नारायणी बराल, बौद्धिक अपागंता भएको बालकको आमा | जहाँ अपाङ्गता छ त्यहाँ गरिबी भएकोले सबै क्षेत्रको सहयोगको आवश्यकता पर्छ । अपाङ्गता भएको बच्चालाई च्यापेर काम गर्न जान मिल्दैन त्यसैले बालबालिकालाई विशेष हेरचाह गर्ने व्यवस्था मिलाउनु पर्छ । वडा वडामा समूह गठन गरेर काम गरे सजिलो हुन्छ । | अपांगता भएका बालबालिकालाई विशिष्टीकृत सेवा दिनुपर्छ । बौद्धिक अपागंता, अटिजम भएका बालबालिकालाई छुट्टै विद्यालय तथा हेरचाह केन्द्रको आवश्यकता पर्छ । यी सबै काम गर्ने जिम्मेवारी सरकारी निकायको हो । हामी जस्ता सामाजिक संघसंस्थाले नीति नियममा भएका विषयलाई कार्यान्वयन गर्नको लागि बहस पैरवी गर्ने हो । कमीकमजोरीहरु औंल्याँइदिने र सम्बन्धित निकायको ध्यानाकर्षण गराउने काम नागरिक संगठनको हो । |
| राजाराम पौडेल, अटिजम भएको बालकको बाबा | अपाङ्गता भएका बालबालिकालाई खाना खुवाउने दिशा पिसाब गराउने लगायत सबै स्याहारसुसार अभिभावकले गर्नुपर्ने छ । हेरचाहको लागि संस्थाले दिएको उपलब्धी १० प्रतिशत होला भनेर सोचेकोमा ९० प्रतिशत भएको अनुभुति भयो । कर्मचारीको संख्या बढाए सेवालाई प्रभावकारी र विस्तार गर्न सकिन्छ । | |
| सुनिता वि.क., अटिजम तथा बौद्धिक अपागंता भएको बालकको आमा | अपाङ्गता भएका बालबालिकालाई कसरी हेरचाह गर्ने भन्ने बारेमा संस्थाले अभिभावकलाई सिकाएको छ । तालिम लिए पछि बालबालिकालाई हुर्काउन बढाउन सहयोग पुगेको छ र अझ धेरै सिक्न आवश्यक रहेछ । संस्थाले हामीलाई तनाव व्यवस्थापन सम्बन्धि तालिम समेत दिन आवश्यक छ । बौद्धिक अपाङ्गता र अटिजम | बौद्धिक अपागंता तथा अटिजम भएका बालबालिकाका अभिभावक तथा हेरचाहकर्ता लाई तनाव व्यवस्थापन तालिम आवश्यक पर्छ । संस्थाले हेरचाहकर्ताहरुको लागि बेला बेलामा तनाव व्यवस्थापनको |

| | | |
|---|---|---|
| | भएका बालबालिकालाई पठनपाठनको लागि विशेष विद्यालयको व्यवस्था गर्न पर्छ । | लागि व्यक्तिगत रुपमा परामर्श गर्दै आइरहेकोछ । संस्थामा सबै किसिमको विज्ञता र स्रोत नहुन सक्छ यस विषयमा समुदायबाट आएका सवाललाई स्थानीय सरकार सम्म पुऱ्याउने र आवश्यक पैरवीका कार्य गर्न सकिन्छ । |
| रवीन्द्रनाथ भट्टराई प्रधानाध्यापक लक्ष्मीआदर्श माध्यमिक विद्यालय | संस्था विद्यालयमा प्रवेश गर्दा जुन सोंच राखेँको थिएँ । काम गर्दै जाँदा फरक पाएँ । सडक बाल बालिका तथा किशोर किशोरीलाई प्रेरणा दिएर सकारात्मक परिवर्तन ल्याउने कार्यक्रमबाट म प्रभावित भएको छु । बालमैत्री वातावरणमा पठन पाठन र उत्प्रेरणात्मक प्रवचनलाई सबै विद्यालयमा लैजान सके राम्रो हुने थियो । | जीवन उपयोगी सिप शिक्षा कार्यक्रमलाई स्थानीय सरकारले पाठ्यक्रममा समावेश गर्नु महत्वपुर्ण पक्ष हो । नेपालको संविधानले आधारभुत तहको शिक्षालाई अनिवार्य र निशुल्क गरेको अवस्था छ । संस्थाको ३ वर्षको पहलमा शिक्षकको सहयोगी पुस्तिकामा १८ घण्टाको कोर्स समावेश हुनु ठुलो उपब्धि हो । यसलाई कास्कीका सबै पालिकाले आत्मसाथ गर्दा राम्रो हुन्छ । संस्थाको काम प्राविधिक रुपमा सम्बोधन गर्ने हो । सरोकारवाला सबैको सहकार्य र समन्वयमा सबै विद्यालयमा विस्तार गर्न सकिन्छ । |
| रमेश सुवेदी, शिक्षक | सामाजिक रुपान्तरण र बाल बालिकाको क्षेत्रमा उल्लेखनीय काम भएको छ । कक्षा ६देखि ८सम्म सिमित कार्यक्रमलाई कक्षा ११ र १२सम्म सञ्चालन गरे प्रभावकारी हुन्छ । जीवन उपयोगी सिप शिक्षा स्थानीय पाठ्यक्रममा १८ घण्टाको विषय जोडिनु महत्वपूर्ण पक्ष हो । अब स्थानीय पाठ्यक्रमको लागि ३० घण्टासम्मको लागि पैरबी गर्नु आवश्यक छ । | |
| सुनिता अधिकारी शिक्षक शिशुकल्याण मा.वि. | जीवन उपयोगी सीप शिक्षा कार्यकम किशोरकिशोरीलाई प्रजनन् स्वास्थ्य प्रति सचेत गराउन भएकोले सबै बिद्यालयमा आवश्यक छ । | |
| सुदिप कोइराला शिक्षक | संस्थाको नीति निर्माण गर्दा विद्यालयको प्रतिनिधित्व गराउन सके कार्यक्रम लैजान सहज हुने थियो । संस्थाले बाल हेल्पलाइनको व्यवस्था गरे बाल संरक्षणका काम गर्न सहज हुने छ । जीवन उपयोगी सीप शिक्षाको लागि अभिभावकलाई समेत सचेतना जगाउन आवश्यक छ । | जीवन उपयोगी सिप शिक्षा मुख्यत विद्यार्थीहरुसँग लक्षित भएतापनि उनीहरुका अभिभावकहरुसँग पनि किशोरावस्था र जीवनउपयोगी सिपको महत्वको बारेमा अभिभावक बैठक जस्ता कार्यक्रमहरु पनि गर्दै आईरहेको छ । |
| कृष्णा गुरुङ्ग बालहेल्पलाईन १०९८ | संस्थासँगको साझेदारी र सहकार्यमा सडक बालकको पुनस्थापनाको काम भएको छ । संस्था त्यस्ता बालक भेटेमा संस्थालाई सिफारिस गरेको छ । संस्थामार्फत सडक बालकलाई समुदाय र परिवारमा पुनस्थापनाको लागि उल्लेखनीय काम भएको छ । | |
| देवबहादुर विश्वकर्मा, सामुदायिक | संस्था मार्फत वडा नम्बर १७ मा बाल क्लबको गतिविधि प्रयाप्त भएका छन् । बालक्लबहरुको बहार नै आएकोछ । समुदायमा बालबालिका माथि आएका | |

| | | |
|---|---|---|
| अभियान्ता पुलचोक टोल विकास संस्था | समस्याहरु, यौनहिंसा जस्ता घटनाहरुमा सम्बोधन छिटो गर्नुपर्छ, चासो दिनुपर्छ र यसमा संस्थाले अलि सुधार गर्नुपर्ने देखिन्छ । | |
| मौसमी कडेँल, अध्यक्ष वडा बालमञ्च वडा नं. ९ | संस्थाको कार्यक्रमले नेतृत्व सिप सिकाएको छ तर कार्यकमहरु अझ धेरै र छिटो छिटो भए राम्रो हुने थियो । बालबालिकाहरु बीच फरक फरक विधामा प्रतिस्प्रर्धा गराएर व्यक्तित्व र नेतृत्वसीप विकासका कार्यक्रमहरु प्रयाप्त भयो भने बालक्लबहरु प्रभावकारी हुने थिए र सदस्यहरुमा उत्साह आउने थियो । | समुदायमा आधारित बालसंरक्षण परियोजना मार्फत ३३ वडाका बालमञ्चहरुको क्षमता विकासका कार्यक्रम अगाडी बढीरहेका छन् र आवश्यकता अनुसार थप प्राविधिक सहयोगहरु पनि गरिनेछ । |
| | | |
| डा.बुद्धि बहादुर थापा अध्यक्ष गैसस महासंघ कास्की | सुशासन प्रवर्द्धनको लागि सामाजिक परिक्षण महत्वपुर्ण कुरा हो । महासंघमा आबद्ध १५५ संस्था मध्ये यो संस्था उत्कृष्टहरु मध्ये पर्छ । संघ संस्थाले गर्ने सामाजिक उत्तर दायित्वको काम गरिरहेको देखिन्छ । संस्थाले बनाएका नीतिनियमहरुलाई नियमित रुपमा अध्यावधिक गर्नुपर्छ । वडाको योजना र बजेट बनाउदा संस्थाको कार्यक्रमलाई समावेश गर्नुपर्छ । संस्थाका कार्यक्रमहरु सरकारको नीति कार्यक्रममा समावेश गरे दिगोपन कायम गर्नसकिन्छ । | संस्थाका सबै नीति नियमहरुलाई समयसापेक्ष रुपमा अध्यावधिक गरिएको छ । २०७८ श्रावण १ गते देखि लागु हुने गरी कर्मचारी नियमावली, आर्थिक नियमावली परिमार्जन गरिएको छ । |
| बिष्णुमाया पौडेल, बाल कल्याण अधिकारी पोमनपा | राष्ट्रिय बालअधिकार परिषदबाट सुचीकृत भएर सडक बालकको अस्थायी संरक्षण केन्द्र चलाएको संस्थाबाट बालसंरक्षणको क्षेत्रमा ठुलो सहयोग पुगेको छ । बालमैत्री महानगर घोषण गर्ने प्रतिबद्धता पुरा हुन सकेको छैन । संस्थाको गतिविधिले श्रमिक र सडक बालबालिकालाई व्यवस्थापन गर्ने सुचकलाई पुरा गर्न मदत गरेकोछ । सामाजिक विकास महाशाखाले बजेट तथा कार्यक्रम बनाउने बेलामा सबै संघसंस्थालाई आह्वान गर्छ त्यसमा सबै जोडिन आवश्यक छ । बालबालिकाको क्षेत्रका कार्यक्रममा दोहोरपन हुन नदिने हो भने प्रभावकारी सेवा प्रदान गर्न सकिन्छ । | संस्थाले महानगरपालिकामा हरेक आर्थिक वर्ष आफ्ना कार्यक्रमहरु पेश गर्दै आईरहेको र यस वर्षको महानगरपालिकाको सुचना बमोजिम महानगरपालिकामा सुचीकृत पनि भएकोछ । संस्था स्थानीय सरकारसँगको सहमती स्वीकृतीमा समन्वय सहकार्य गर्दै अगाडी बढ्नेछ । |
| हरिलाल आचार्य, अधिकृत स्वास्थ्य महाशाखा | सन्तुलित विकासको लागि भौतिकका अलवा मानविय विकासलाई समानान्तर रुपमा अगाडी लैजान पर्छ । सामाजिक संघसंस्थाको मुख्य काम मानविय विकास हो । संस्थाको स्थायीत्व र परियोजनाको दिगोपन सबैको लागि चासो र चिन्ताको विषय बनेको छ । आशा क्लिनीकलाई शहरी स्वास्थ्य केन्द्रमा रुपान्तरण गर्नु महानगरले संघसंस्थाको काममा स्वामित्व ग्रहण गर्नु मह्त्वपुर्ण पक्ष हो । | |

| | | |
|---|---|---|
| तारा सेवा परियार वडा सदस्य, वडा नं. १७ | वडा कार्यालयले बालबालिकाको सम्पर्क व्यक्ति तोकेर काम अगाडी बढाएको छ । संस्थासँगको सहकार्यमा २ वर्ष अगाडी देखि वडामा ९ वटा सुकुम्बासी र दलित बस्तीमा बालक्लब गठन गरिएको छ । विद्यालयस्तरमा संस्थाले जीबन उपयोगी सिप शिक्षा संचालन गरेको र यो प्रभावकारी देखिन्छ । | |
| तोरण बहादुर बाँनिया, वडा अध्यक्ष पोमनपा वडा नं. १५ | संस्थाले सबै काम वडा कार्यालयको समन्वयमा गरेको छ । भौतिक पुर्वाधार भन्दा सामाजिक तथा मानविय विकासका काममा संस्थाले प्राथमिकता दिएको छ । वडामा रहेका १३ सामाजिक संस्था मध्ये सबैलाई एउटा बास्केटमा राखेर हेर्न मिल्दैन । संस्थाले स्थानीय सरकारबाट स्वीकृती लिएर लक्षित समूहसम्म कार्यक्रम पुर्‍याएकोछ । प्रशासनिक खर्च लाई कटाएर लक्षित समूह धेरै लाभान्वित हुने गरी कार्यक्रम लैजान आवश्यक छ । हामी राम्रो काम गर्नेलाई सम्मान र नियम विपरितका काम गर्नेलाई दण्ड दिन पनि पछि पर्ने छैनौं । | |
| बसन्त राज पराजुली, वित्त व्यवस्थापक किडाशा ( दातृनिकाय) | सामाजिक परिक्षणमा जे जति सल्लाह सुझाबहरु आएका छन ती दातृनिकायको लागि अप्रत्यक्ष सुझाव हो । सेवाग्राही र सरोकारवालाको सहभागिता र सुझावले परियोजनालाई महत्वपुर्ण बनाउन सहयोग पुग्छ । संस्थाका कार्यक्रम तथा परियोजना राम्रा पुर्ण नभएकोले सुधारको पक्ष सधैं रहन्छ। संस्थागत सुशासन र पारदर्शिता मह्त्वपुर्ण पक्ष हो । आशा क्लिनीक अपनत्व ग्रहण गरेर महानगरको सहकार्य हुनु नेपालभरीको नमुना कार्य हो । संस्था र दातृनिकायले स्थानीय आवश्यकता बुझेर परियोजना बनाएको कारण दिगोपनालाई समस्या हुँदैन ।<br>जीवन उपयोगी सीप शिक्षाको लागि सरोकारवालाको प्रतिकृया पश्चात अहिले ६० स्कुलमा सन्चालनमा छ । महानगरले आफ्नो पाठ्यक्रममा राखेको छ । यो कार्यक्रमले निरन्तरता पाउँछ भन्ने आशा छ । अब आउने दिनहरुमा पनि हाम्रो स्रोत साधनले भ्याएसम्म हामी यहाँहरुलाई सहयोग गर्ने नै छौं । | |

**संस्थाको अध्यक्षबाट धन्यवाद**

२५ वर्ष पहिले स्थापना भएको हाम्रो संस्था सामाजिक सेवाको क्षेत्रमा निरन्तर रुपमा काम गरेको छ । एउटा गर्विलो इतिहास बोकेको संस्थाले सकेसम्म राम्रो र प्रभावकारी रुपमा समुदाय स्तरमा उल्लेखनीय काम गरेको छ । सामाजिक परीक्षणको क्रममा सरकारी निकाय, लाभग्राही तथा सरोकारवालाले दिएको सबै सुझाव तथा सल्लाहलाई संस्थाले क्रमशै रुपमा सम्बोधन गर्दै जानेछ । संस्थाले विनियोजन गरेको बजेट तथा कार्यक्रमको प्रभावकारीताको बारेमा सबैलाई जानकारी दिने उद्देश्यले आयोजना गरेको कार्यक्रममा सहभागि पोखरा महानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, अन्य सामाजिक संघसंस्था, लाभग्राही तथा बालक्लबका प्रतिनिधिहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

## ११. संस्थागत सुधारका लागि सामाजिक परीक्षकको सुझाव

दलित अपांगता भएका व्यक्ति, जनजाति र पिछडिएको वर्गलाई विशेष प्राथमिकता दिएको बाल हितकारी परियोजना नेपालको इतिहाँस र भौतिक पूर्वाधारको पक्ष धेरै राम्रो भएता पनि सोही अनुसारको काम हुन सकेको छैन त्यसैले संस्थाले कार्यक्रम विस्तारमा ध्यान दिन आवश्यक छ ।


सामाजिक जिम्मेवारीका सूचकगत अवस्था र कार्यक्षमताको विश्लेषण गर्दै सञ्चालित परियोजना तथा कार्यक्रमका उपलब्धीलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय लक्ष्य, दिगो विकास लक्ष्यसँग जोडेर विश्लेषण गर्नु पर्छ । राज्यका निकायले अगाडी बढाएका साक्षरता अभियान, स्वास्थ्यका गतिविधि तथा बालमैत्री पालिका बनाउने अभियानमा समन्वय र सहकार्यमा ध्यान दिनु पर्छ । सामाजिक जिम्मेवारी वहन गर्ने क्षमताको विकाश गर्दै लक्षितवर्गका लागि गरिएको सकारात्मक उपलब्धीको व्यापक रुपमा प्रचार प्रसारमा ध्यान दिनु पर्छ । संस्थाले गर्ने सेवा प्रवाह र कार्यक्रमलाई कार्यालय परिसरमा सबैले देख्ने ठाउँमा फ्ल्यास बोर्ड बनाएर सेवापत्र राख्न आवश्यक छ ।

कार्यालयले सम्पादन गर्ने सार्वजनिक महत्वका गतिविधि तथा सूचना एवं अभिलेखलाई व्यवस्थित गर्नु पर्छ । संस्थाका गतिविधिलाई आवश्यकता आधारमा सर्वसाधारणले बुझ्ने भाषामा सूचना पाटीमा टाँस्नु पर्छ । संस्थाका सबै कार्यक्रमहरु सबै सरोकारवालालाई जानकारी दिन नियमित रुपमा वेबसाइडमा अपडेट गर्नु आवश्यक छ ।

आन्तरिक कोषलाई बढाउदै सञ्चालित परियोजनाको दिगोपनको लागि अग्रसर बन्नु पर्छ । सबै सेवा क्षेत्रलाई व्यवस्थित र विस्तार गरी आफ्नै छुट्टै विशेषता सहितको विशिष्टिकृत संस्थाको रुपमा विकास गर्न आवश्यक छ ।

## ११. अनुसुचीहरु

<u>कार्यक्रमको उपस्थिति विवरण</u>



मिति २०७९/०९/१२
मंगलबार

आज मिति २०७९/०९/१२ गते तद अनुसार, सन् 27th Dec-2022 का दिन बालहितकारी परियोजना नेपाल (CWSN) को आर्थिक वर्ष २०७८/०७९ को सामाजिक परीक्षण तथा सार्वजनिक लेखाजोखा कार्यक्रम संस्थाका अध्यक्ष श्री गोविन्द राज पहारीको अध्यक्षता मा उल्लेखित विशिष्ट व्यक्तिहरु तथा सेवाग्राहीको उपस्थितिमा सम्पन्न गरियो ।


तपसील :

अध्यक्ष : श्री गोविन्द राज पहारी
प्रमुख अतिथि : तोरण बहादुर बानिया (वडा अध्यक्ष)
विशेष अतिथि : श्री हेमप्रसाद आचार्य (निर्देशक शिक्षा महाशाखा पो म न पा)
अतिथि : श्री गीता न्यौपाने वरिष्ठ म.पि अधिकृत सामाजिक विकास महाशाखा
अतिथि : श्री विष्णुमाया पौडेल (बालकल्याण अधिकारी
अतिथि : श्री विष्णु सिग्देल (सचिव्र्य अगाडु म.स
अतिथि : श्री बुद्धि बहादुर थापा (गैं.स स म.स कास्की अध्यक्ष)
अतिथि : श्री तारा सैंपा (महानगर बाल अधिकार सदस्य)
अतिथि : बसन्त पराजुली (एकिकृत चिन्तन प्रमुख
अतिथि : श्री सन्जय आर्य (विकास
अतिथि : शालिकराम पराजुली टो वि अध्यक्ष
संस्था सचिव : श्री दिल बहादुर भट्टराई
कोषाध्यक्ष : श्री लोकमणी चतुर्वेदी
सदस्य श्री पार्वती पाण्डे
-॥- श्री गणेश पहारी
-॥- श्री दिपक गौतम
कृष्ण कार्कोला (२१.०९.१५)
श्री ठाकुर प्रसाद चापागाई (CWSN E.D)
श्री श्यामलाकुवर (सामाजिक परिक्षक)

| | | | |
|---|---|---|---|
| १९ | | श्री रविन्द्र लामिछाने | (जनज्योति आधारभूत मा.वि प्र.अ.) |
| २० | | श्री चिरञ्जीवी खतिवडा | (नवोदय मा. वि प्र.अ.) |
| २१ | | श्री रमेश सुवेदी | (श्री अमरसिंह नमूना मा. वि. शिक्षक) |
| २२ | | श्री सुदीप कोइराला | (श्री हिमाल बालबा.वि शिक्षक) |
| २३ | | श्री सुनिता अधिकारी | (श्री शिशुकल्याण मा.वि शिक्षक) |
| २४ | | श्री राजाराम पौडेल | पोखरा नगर बाल अधिकार संरक्षण |
| २५ | | श्री सुस्मिता मगर | श्री गुरुराज भलभद्र माध्यमिक विद्यालय |
| २६ | | श्री रञ्जिता वि.क | (श्री गुरुराज भलभद्र माध्यमिक विद्यालय) |
| २७ | | ~~शिवशक्ति टोल~~ रजनी वि.क | (शिवशक्ति टोल) |
| २८ | | सरस्वती अधिकारी | (म. स्वा. स्व. सेविका) |
| २९ | | नारायणी बराल | पोखरा ८, एयरपोर्ट |
| ३० | | मुना बानियाँ | पोखरा १३ मियापाटन |
| ३१ | Sunita | सुनिता वि.क. | पोखरा १० औद्योगीक क्षेत्र |
| ३२ | Raju | राजु नेपाली | |
| ३३ | | देव बहादुर वि.क | पोखरा -१६ छोरेपाटन पुल्चोक |
| ३४ | | टिका पुन | रामबजार १० |
| ३५ | | | |
| ३६ | | अर्जुन सुवेदी | |
| ३७ | | कृष्ण गुरुङ | सिपिन नेपाल पोखरा। |
| ३८ | | मौसमी कडेल | (नागढुङ्गा, ६) |
| ३९ | | आशिश सुवेदी | (जानकी माध्यमीक विद्यालय) |
| ४० | | बादल भुजेल | (जानकी मा. वि) |
| ४१ | | सुवेगा पाण्डे | (वडा नं २ वडा स्तरीय बालक्लब - अध्यक्ष) |
| ४२ | | हरिलाल आचार्य | पोखरा म.न.पा स्वास्थ्य महाशाखा |
| ४३ | | अर्जुन बहादुर खत्री क्षेत्री | " " |
| ४४ | घर्ति | एकादशी परियार | अभिभावक |
| ४५ | " | रानमाया परियार | " |
| ४६ | " | निरमाया पुन | " |
| ४७ | लक्ष्मी | लक्ष्मी अधिकारी | " |
| ४८ | | जमुना कँडेल | " |
| ४९ | | सन्ध्या श्रेष्ठ | (महानगर बाल सञ्जाल) |
| ५० | शिव | शिव परियार | |
| ५१ | | आकाश वमरल | |

| | | |
|---|---|---|
| ५१ | श्री सन्त बहादुर गुरुङ | – वित्त व्यवस्थापक प्रमुख |
| ५२ | श्री सुर्य भण्डारी | – JPDP संयोजक |
| ५३ | श्री केशव पौडेल | – CBCP संयोजक |
| ५४ | श्री संगिता भण्डारी | – LSEP Incharge |
| ५५ | राधा बराल | – " LSEF |
| ५६ | संगीता कोइराला | LSEF |
| ५७ | जीवन रानम | CBRP cmo |
| ५८ | झलक बहादुर भुजेल | CBRP Sr.HA |
| ५९ | मिना थापा | LSEF |
| ६० | डिला हिताङ | CPE |
| ६१ | निलकण्ठ अधिकारी | – JPDP C-Taks |
| ६२ | [illegible] | – JPDP ( Rakesh |
| ६३ | ललिता दुङ्गाना | CBRP cmo |
| ६४ | उपहार उप्रेती | – LSEF CWSN |
| ६५ | राधिका आचार्य | – JPDP DIC Incharge |
| ६६ | लिला लामा | JPDP SOC " |
| ६७ | हुरमाया राना पुजा | CBRP |
| ६८ | आलिसा थापा | केन्द्रिय कार्यालय |
| ६९ | टीका थापा मगर | CBCP |

कार्यक्रमको लागि पत्राचार गरिएको पत्र



बालहितकारी परियोजना नेपाल
Child Welfare Scheme Nepal

SWC Regd. No. ...
DAO Regd. No. ...
PAN ...

च.नं. ६०
प.सं. ०७९/०८०

मिति : २०७९. ०९. ०३

श्रीमान अध्यक्ष ज्यू,
वडा नं. १५ को कार्यालय,
पोखरा महानगरपालिका, गण्डकी प्रदेश ।

विषय: सामाजिक लेखा परिक्षणमा आतिथ्यता ग्रहण सम्बन्धमा ।

प्रस्तुत विषयमा बालहितकारी परियोजना नेपालले बालबालिकाहरुको शिक्षा, स्वास्थ्य र संरक्षणको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको व्यहोरा अवगत गराउँन चाहन्छु। यही कार्यक्रमहरुको आवश्यकता, प्रभावकारिता, सम्पन्नता र निरन्तरता बारे सार्वजनिक रुपमा सुचना प्रवाह गर्ने र पृष्ठपोषण समेत संकलन गर्ने अभिप्रायले सरोकारवालाहरुको उपस्थितिमा **सामाजिक लेखापरिक्षण कार्यक्रम** तपशिलको मिति, समय र स्थानमा आयोजना गरिने हुँदा उक्त कार्यक्रममा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

उपस्थितिको लागि धन्यवाद ।

तपशिल:

मिति - २०७९ पौष १२ गते, मंगलबार
समय - बिहान ९.०० बजे देखि ११.०० बजे सम्म
स्थान- बालहितकारी परियोजना नेपालको प्राङ्गण, पोखरा-१५

कार्यकारी निर्देशक
बालहितकारी परियोजना नेपाल

Pokhara-15, Kaski, Nepal   Tel: +977-61-432087, 431157, 202617 Email: info@cwsn.org   URL: http://www.cwsn.org

<u>पत्रपत्रिकामा आएको समाचार</u>

समाधान

समाधान राजनीति अर्थ-बजार समाज प्रदेश विचार अन्तर्वार्ता कला खेलकुद ई-पत्रिका

# ४० सडक बालकको संरक्षण

समाधान संवाददाता



पोखरा ।

बाल हितकारी परियोजना (सिडब्लुएसएन)नेपालले ४० सडक बालकलाई अस्थायी संरक्षण सेवा प्रदान गरेको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्बाट सूचीकृत भएको अस्थायी संरक्षण केन्द्रमार्फत ती बालकलाई अस्थायी संरक्षण तथा सामाजिकीकरण सेवा प्रदान गरेको संस्थाका अध्यक्ष गोविन्दराज पहारीले जानकारी दिए ।

संस्थाको सामाजिक परिक्षण कार्यक्रममा अध्यक्ष पहारीले विक्रम संवत २०६१ सालदेखि सडक बालबालिकाको शिक्षा स्वास्थ्य लगायतका अधिकार सुनिश्चितता तथा उनीहरुको सामाजिक पुनस्थापनाका लागि ज्योति संरक्षण तथा विकास कार्यक्रम सञ्चालन गरेको जानकारी दिए ।

पोखरा १५ सहरी स्वास्थ्य केन्द्र( आशा क्लिनिक) स्थित भवनबाट सडक बालकलाई अस्थायी संरक्षण तथा सामाजिकीकरण सेवा दिएको हो ।

'सडकमा आश्रित र परिवारबाट उचित संरक्षण नपाएका बालकलाई आवासीय सेवा प्रदान गर्दै आएको संस्थामार्फत ५६ परिवारका ८४ बालबालिकाले पारिवारिक सहयोग कार्यक्रम मार्फत सहयोग पाएका छन्,' अध्यक्ष

२०७८ पुस १४ गते ८ बिहान

# ४० सडक बालकको संरक्षण

समाधान संवाददाता

कार्यक्रमका तस्बिरहरु


























सामाजिक लेखा परीक्षण (Social Audit)
आर्थिक वर्ष २०७८/०७९





